आज मिति २०७५/०३/२० गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक वसियो ।

समय : दिनको ५:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | " | |
| ५ | लाल प्रसाद वस्याल | " | |
| ६ | टंक प्रसाद पराजुली | " | |
| ७ | तेज बहादुर सुनार | " | |
| ८ | जगदिश चन्द्र आचार्य | " | |
| ९ | कमल प्रताप थापा | " | |
| १० | भिम बहादुर श्रेष्ठ | " | — |
| ११ | बिष्णु बहादुर थापा | " | — |
| १२ | पदम बहादुर थापा | " | |
| १३ | रामचन्द्र क्षेत्री | " | |
| १४ | दुर्गा प्रसाद सुवेदी | " | |
| १५ | नारायण प्रसाद पुन | " | |
| १६ | दधिराम न्यौपाने | " | |
| १७ | डम्मर बहादुर भण्डारी | " | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | ,, | |
| १९ | सन्त बहादुर राना | ,, | |
| २० | हुमनाथ आचार्य | ,, | |
| २१ | हिम बहादुर खत्री | ,, | |
| २२ | डिल प्रसाद नेपाली | ,, | |
| २३ | रन्जित शेरचन | ,, | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | ,, | |
| २५ | बिमला श्रेष्ठ | ,, | |
| २६ | सिता कुमारी थापा | ,, | |
| २७ | शुष्मा कुमारी अर्याल | ,, | |
| २८ | बिष्णु कुमारी शर्मा | ,, | |
| २९ | राजनकुमार बि.सी. | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

भुवानी प्रसाद उपाध्याय - का.वा. वडाध्यक्ष -

शिव बहादुर (अधिकारी) का.वा. १ वडाध्यक्ष

प्रस्ताव नं. २७.१
आर्थिक कार्यबिधि बिधेयक, २०७५ सम्बन्धमा ।
निर्णय नं. २७.१

आजको बैठकमा प्रस्तुत हुन आएको आर्थिक कार्यबिधि बिधेयक, २०७५ माथि दफावार छलफल गरियो । छलफलमा उठेका बिषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५।०३।२१ गते दिनको २:०० वजे वस्ने तेस्रो नगर सभाको पाचौ बैठकमा उल्लेखित बिधेयक पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २७.२

आर्थिक बिधेयक, २०७५ सम्बन्धमा ।

निर्णय नं २७.२

आजको बैठकमा प्रस्तुत हुन आएको आर्थिक बिधेयक, २०७५ माथि दफावार छलफल गरियो । छलफलमा उठेका बिषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५।०३।२१ गते दिनको २:०० वजे वस्ने तेस्रो नगर सभाको पाचौ बैठकमा उल्लेखित बिधेयक पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २७.३

विपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन बिधेयक, २०७५ सम्बन्धमा ।

निर्णय नं २७.२

आजको बैठकमा प्रस्तुत हुन आएको बिपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन बिधेयक, २०७५ माथि दफावार छलफल गरियो । छलफलमा उठेका बिषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावश गरी मिति २०७५।०३।२१ गते दिनको २:०० वजे वस्ने तेस्रो नगर सभाको पाचौ बैठकमा उल्लेखित बिधेयक पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २७.४

नगर स्वास्थ्य बिधेयक, २०७५ सम्बन्धमा ।

निर्णय नं २७.४

आजको बैठकमा प्रस्तुत हुन आएको नगर स्वास्थ्य बिधेयक, २०७५ माथि दफावार छलफल गरियो । छलफलमा उठेका बिषयहरुलाई सम्बन्धित दफा, उपदफाहरुमा समावेश गरी मिति २०७५।०३।२१ गते दिनको २:०० वजे वस्ने तेस्रो नगर सभाको पाचौ बैठकमा उल्लेखित बिधेयक पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २७.५

संस्थागत बिद्यालय निशुल्क छात्रबृत्ति व्यबस्थापन कार्यबिधि, २०७५ सम्बन्धमा ।

निर्णय नं २७.५

यस बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका संस्थागत बिद्यालयहरुबाट बितरण हुने छात्रबृत्तिलाई व्यबस्थित गर्ने प्रयोजनका लागि तयार गरिएको संस्थागत बिद्यालय नि:शुल्क छात्रबृत्ति व्यबस्थापन कार्यबिधि, २०७५ आजको बैठकमा प्रस्तुत भई दफावार छलफल गरियो । छलफलमा उठाइएका बिषयवस्तुहरुलाई समेत सम्बन्धित नियम, उपनियमहरुमा समावेश गरी तयार भएको देहाय वमोजिमको संस्थागत बिद्यालय नि:शुल्क छात्रबृत्ति व्यबस्थापन कार्यबिधि, २०७५ तयार भएको हुँदा सो कार्यबिधिलाई पारित गर्ने निर्णय गरियो ।

## संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७५

### प्रस्तावना:

नेपालको संविधानले माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्रभित्र छात्रवृत्तिको व्यवस्थापन गर्ने भने उल्लेख छ । शिक्षा ऐन २०२८ (नवौं संशोधन सहित) ले कक्षा एघार र बाह्रलाई माध्यमिक विद्यालयको संरचना भित्र ल्याएको छ । यस अघिं संस्थागत विद्यालयले प्रदान गर्दै आएको दश प्रतिशत छात्रवृत्तिलाई कक्षा बाह्रसम्म प्रदान गर्ने सन्दर्भमा संघीयशासन संरचना अनुरूप बुटवल उप-महानगरपालिकामा संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति वितरणलाई एकरूपता कायम गर्न, विद्यमान छात्रवृत्ति वितरणको व्यवस्थालाई समय सापेक्ष परिवर्तन गरी जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा आवश्यकता लक्षित बनउन आवश्यक देखिएकोले बुटवल उप-महानगरपालिकालाई छात्रवृत्ति व्यवस्थापन गर्नको लागि बुटवल उप-महानगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद एक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७५ रहेको छ ।

१.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

१.३ यो कार्यविधि संस्थागत विद्यालयहरूको हकमा मात्र लागू हुनेछ ।

## परिच्छेद दुई

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

२.१ मन्त्रालय भन्नाले शिक्षा मन्त्रालयलाई जनाउँछ ।

२.२ विभाग भन्नाले शिक्षा विभागलाई जनाउँछ ।

२.३ "विद्यालय" भन्नाले नेपाल सरकारबाट संस्थागत विद्यालयको रूपमा अनुमति लिएका विद्यालयलाई जनाउँछ, साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी नेपाल सरकारबाट अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत जनाउँछ ।

२.४ "छात्रवृत्ति" भन्नाले तोकिएको आधार अनुसार छनौट भएका विद्यार्थीहरूलाई विद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

## परिच्छेद तीन

**३. उद्देश्य:**

यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्:

३.१ छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

३.२ लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

३.३ छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूको भूमिका स्पष्ट पार्नु ।

## परिच्छेद चार

**४.१ समिति सम्बन्धी व्यवस्था**

४.१.१. बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिसम्बन्धी व्यवस्था:

बुटवल उप-महानगरपालिकामा देहायका पदाधिकारीहरू रहेको एक छात्रवृत्ति व्यवस्थापन समितिको गठन हुनेछ ।

(क) नगर शिक्षा समितिका अध्यक्ष

संयोजक

(ख) निजी तथा आवासीय विद्यालयको संघ संगठनको प्रतिनिधि दुई जना

सदस्य

(ग) बुटवल उप-महानगरपालिकामा क्रियाशिल अभिभावक संघ संगठनको प्रतिनिधि

सदस्य

(घ) शिक्षा अधिकृतको सिफारिसमा संयोजकले तोकेको शिक्षाविज्ञ एक जना

सदस्य

(ङ) बुटवल उप-महानगरपालिकाको शिक्षा हेर्ने महाशाखा प्रमुख

सदस्य सचिव

- कक्षा एघार र बाह्रको छात्रवृत्ति वितरण गर्ने समितिको वैठकमा राष्ट्रिय परीक्षा वोर्डको कर्मचारीलाई प्रतिनिधिको रूपमा आमन्त्रण गर्नु पर्नेछ ।
- छात्रवृत्ति व्यवस्थापन समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।
- वैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

## ४.१.२. बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) शैक्षिक शत्र शुरू हुनुभन्दा अगावै विद्यालयले बुटवल उप-महानगरपालिकामा पेश गर्नु पर्ने विद्यार्थी संख्या र १० प्रतिशतले हुने छात्रवृत्ति कोटा प्राप्त नभएको भए यथाशिघ्र पेश गर्ने व्यवस्था मिलाउने ।

(ख) प्राप्त कोटाको आधारमा विद्यालय आफैले आवेदन लिने गरी शैक्षिक शत्र शुरू हुनु भन्दा अगावै सार्वजनिक सूचना आह्वान गर्ने व्यवस्था मिलाउने ।

(ग) विद्यालयहरूले प्रदान गरेको छात्रवृत्ति वास्तविक लक्षित वर्गले पाए/नपाएको अनुगमन गर्ने, विद्यालय छात्रवृत्ति वितरण समितिले विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्यायसंगत रूपमा समस्याको टुङ्गो लगाउने ।

(घ) शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति विद्यार्थीहरूले पाए/नपाएको अनुगमन तथा व्यवस्थापन गर्ने ।

(ङ) छात्रवृत्तिलाई व्यवस्थित गर्न यस कार्यविधि प्रतिकुल नहुने गरी आवश्यक विनियमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(च) छात्रवृत्तिका सम्बन्धमा तालुक निकायले दिएको निर्देशानुसार काम गर्ने, गराउने ।

## ४.२.१.विद्यालय तहको छात्रवृत्ति वितरण समिति सम्बन्धी व्यवस्था:

विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति वितरण समितिको गठन गर्नु पर्नेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा संस्थापक वा सञ्चालक समितिको प्रमुख वा निजले तोकेको समितिको सदस्य

संयोजक

(ख) विद्यालयमा रहेको शिक्षक अभिभावक संघको अध्यक्ष वा निजले तोकेको एजना प्रतिनिधि

सदस्य

(ग) स्थानीय वडा समितिले तोकेको वडा समितिको सदस्य — सदस्य

(घ) शिक्षा महाशाखा प्रमुख वा निजले तोकेको स्रोत व्यक्ति वा अधिकृत कर्मचारी

सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

- वैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ ।
- समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ

## ४.२.२ छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार

छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ:

(क) विद्यालयले चालु शैक्षिक शत्रको कक्षागत विद्यार्थी संख्याको आधारमा आगामी शैक्षिक शत्रको लागि दश प्रतिशत छात्रवृत्ति कोटा एकीन गर्ने र सो को जानकारी शैक्षिक शत्र शुरू हुनु भदा दुई महिना अगावै बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिलाई गराउने ।

- कक्षा ११ को हकमा भर्ना हुने कूल संख्याको १० प्रतिशले हुने संख्या एकी गरी छात्रवृत्ति व्यवस्थापन समितिले तोकेको समयसिमाभित्र कार्यालयमा पेश गर्न लगाउने ।

(ख) बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिले दिएको निर्देशानुसार वद्यालयले सार्वजनिक सूचना प्रकाशन गरी आवेदन लिने व्यवस्था गर्ने ।

(ग) प्राप्त आवेदनहरू छानविन गरी बुटवल उप-महानगरपालिकाको समन्वयमा परीक्षको मिति तोकी परीक्षा सञ्चालन गर्ने र परीक्षा भएको मितिले एक हप्ताभित्र नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

(घ) परीक्षामा उत्तिर्ण हुनेहरूको हकमा कक्षागत र आरक्षित समूहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली तयार गरी सम्बन्धित विद्यार्थीलाई जानकारी गराउने ।

(ङ) यसरी छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन नपाउने व्यवस्था गर्ने ।

(च) छात्रवृत्तिमा छनौट भएका विद्यार्थीहरूलाई निजको मञ्जुरी वेगर आवास, भोजन, यातायात जस्ता अन्य विषयमा बस्नै पर्ने, लिनै पर्ने बाध्यात्मक परिस्थिति सिर्जना नगर्ने व्यवस्था गर्ने ।

(छ) परिच्छेद पाँच को ५.१ को बुँदा (ग) अनुसारको अवस्था भए नभएको एकीन गर्ने ।

(ज) छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहको नामनामेसी विवरण शैक्षिक शत्र शुरू भएको साठी दिनभित्र सो को प्रतिवेदन बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिलाई अनिवार्य रूपमा बुझाउने ।

(झ) छात्रवृत्तिका सम्बन्धमा तालुक निकायले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद पाँच

**५.१ छात्रवृत्ति कोटासम्बन्धी व्यवस्था:**

(क) विद्यालयले चालु शैक्षिक शत्रमा भर्ना भई अध्ययनरत कुल विद्यार्थीको दश प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्टयाउनु पर्नेछ । यसरी छुट्टयाइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तहको प्रत्येक कक्षाको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्नेछ । कुन कक्षाको कोटा कुन आरक्षित वर्गको लागि हो भन्ने विषय स्वघोषणा गर्ने कार्य विद्यालय छात्रवृत्ति वितरण समितिको हुनेछ ।

(ख) कुन कक्षाको लागि कति ओटा कोटा आरक्षित समुहको लागि हो अग्रिम एकीन गरी उक्त कोटाको लिखित जानकारी बुटवल उप-महानगरपालिकालाई शैक्षिक शत्र शुरू हुनु अगावै उपलब्ध गराउनु पर्नेछ । तर २०७५ को हकमा छात्रवृत्ति व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ग) कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्:

(१) जम्मा विद्यालय खुलेको दिनको असी प्रतिशत हाजिरी नभएमा,

(२) कानूनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा,

(३) कक्षा उत्तिर्ण गर्न नसकेमा,

(४) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा र

(५) शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लघंत गरेको प्रमाणित भएमा,

(घ) अर्को शैक्षिक शत्रमा छात्रवृत्ति कोटा कायम गर्दा विगतमा पाइरहेको कोटा रिक्त भएमा सो समेत थप गरी कोटा एकीन गर्नु पर्नेछ । यसरी कोटा एकीन गर्दा जुन आरक्षित समुहको रिक्त भएको छ सो कोटा मात्र माग गर्नु पर्नेछ । तर विपन्नताको हकमा प्रत्येक वर्षको शैक्षिक शत्र समाप्त भए पछि निज विद्यार्थीहरूको बुँदा नं. (ग) मा उल्लेख भएको विषयका अतिरिक्त सहकारी तथा गरिवी निवारण मन्त्रालयले वितरण गरेको गरिवी कार्ड वा विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय-आर्जनको व्यवस्था नभई जीवन निर्वाह गर्न न्यूनतम आवश्यक पर्ने आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने पाठ्यपुस्तक तथा कापीकलम जस्ता स्टेशनरी उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको, भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतमा राख्न पाउने अधिकतम हदवन्दीको तराईमा पाँच प्रतिशतभन्दा कम खेती योग्य जग्गा रहेको वा राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरिवीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको कुराहरू विद्यमान रहे नरहेको एकीन गर्नुपर्नेछ ।

**५.२ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रिया:**

(क) सबै विद्यालयहरूले बुँदा नं. ५.१ अनुसार कोटा एकीन गरेपछि सो को जानकारी शैक्षिक शत्र शुरू हुनु दुई महिना अगावै आफ्नो विद्यालय रहेको बुटवल उप-महानगरपालिकालाई लिखित जानकारी गराउनु पर्नेछ ।

(ख) सबै विद्यालयहरूको बुँदा (क) अनुसारको जानकारी प्राप्त भएपछि बुटवल उप-महानगरपालिकाले विद्यालयबाट प्रस्तावित कोटालाई एकीन गरी वा गर्न लगाई शैक्षिक शत्र शुरू हुनुभन्दा अगावै सम्वन्धित विद्यालयले नै सार्वजनिक सूचना जारी गर्ने गरी आवेदन लिने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) विद्यालयहरूले यसरी प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने र छात्रवृत्तिमा छनौट गर्नको लागि बुटवल उप-महानगरपालिकाको समन्वयमा परीक्षाको मिति तय गरी परीक्षा सञ्चालन गर्ने र तोकिएको आरक्षणको परिधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने ।-

(घ) नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विद्यालयले विद्यालयको सूचना पाटीमा टाँस गरी विद्यालयको वेभसाईट भएमा त्यसमा समेत सार्वजनिक गर्नु पर्नेछ । विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले

त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ । उपरोक्तानुसारको काम कारवाही शैक्षिक शत्र शुरू भएको पन्ध्र दिनभित्र सकिसक्नु पर्नेछ ।

(ङ) यसरी सिफारिस भएको विद्यार्थीहरूको भर्ना शुल्क, मासिक शिक्षण शुल्क र परीक्षा शुल्क लिन पाइने छैन ।

## ५.३ परीक्षाको किसिम

(क) छात्रवृत्ति छनौटको लागि हुने लिखित परीक्षा एक सय पूर्णाङ्कको हुनेछ । बुटवल उप-महानगरपालिकाको समन्वयमा विद्यालयले आवश्यकता अनुसार थप अन्य परीक्षाको साधनहरू पनि अपनाउन सक्नेछ । तोकिएको कोटाभित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरूलाई अन्तरवार्ताको आधारमा मात्र पनि छनौट गर्न सकिनेछ ।

## ६.१ आरक्षण सम्बन्धी व्यवस्था:

६.१.१. जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, वेपत्ता तथा शहित परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ ।

(क) विद्यालयले परीक्षा लिएर विद्यार्थी छनौट गरी प्रदान गर्ने कूल दश प्रतिशत छात्रवृत्तिलाई शत प्रतिशत मानी देहायको आधारमा कोटा आरक्षित गर्नु पर्नेछ ।

| | |
|---|---|
| १) जेहेन्दार | ३७ प्रतिशत |
| २) विपन्नता | ३६ प्रतिशत |
| ३) जनजाति | १० प्रतिशत |
| ४) दलित | ५ प्रतिशत |
| ५) अपाङ्ग | ३ प्रतिशत |
| ६) जनआन्दोलनका घाइते | ३ प्रतिशत |
| ७) शहिदका सन्तति | २ प्रतिशत |
| ८) वेपत्ता परिवारको सन्तति | २ प्रतिशत |
| ९) मधेश आन्दोलनका घाइतेका सन्तति | २ प्रतिशत |

(ख) यसरी छुट्टयाइएको प्रत्येक आरक्षित समुहको ५० प्रतिशत कोटा छात्राहरूको लागि सुरक्षित गर्नु पर्नेछ ।

(ग) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाट मात्र आवेदन दिन पाउनेछ ।

(घ) छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबै भन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ ।

(ङ) कक्षा एघार र बाह्रमा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा कम्तीमा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरूको लागि छुट्टयाउनु पर्नेछ ।

६.१.२ माथि उल्लेखित कोटामा कुनै आवेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तिर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति वितरण समितिको निर्णय बमोजिम अन्य धेरै आवेदन परेको कोटामा परिणत गर्न सकिनेछ ।

## परिच्छेद सात

### ७.१ विविध

७.१.१ जिम्मेवार हुनुपर्ने: बुटवल उप-महानगरपालिका वा विद्यालय तहको छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने, कोटा एकीन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समय मै सम्पन्न गर्नको लागि बुटवल उप-महानगरपालिकाको हकमा शिक्षा अधिकृत तथा विद्यालयको हकमा विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी रहनेछ ।

७.१.२ अनुसूचीमा हेरफेर: यस अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरू थप गर्न आवश्यक देखिएमा बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम आफ्नो क्षेत्रको लागि अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

७.१.३ पुनरावेदन दिन सकिने: विद्यालय छात्रवृत्ति वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले सात दिनभित्र बुटवल उप-महानगरपालिकाको छात्रवृत्ति व्यवस्थापन समिति समक्ष पुनरावेदन दिन सक्नेछ । समितिको निर्णय अन्तिम हुने छ ।

**७.१.४ खारेजी र बचाउ:**

(क) संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०६९ खारेज गरिएको छ ।

(ख) यस कार्यविधि जारी हुनु पूर्व संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०६९ बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि अनुरूप भए गरेको मानिनेछ ।

(ग) यस कार्यविधि तयार हुनु पूर्व कक्षा एघारमा छात्रवृत्ति छनौटका लागि भए गरेका काम कार्वाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(घ) यो कार्यविधिमा जहाँ जे सुकै लेखिएको भए तापनि २०७५ सालको कक्षा एघारमा भर्ना हुने विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि छात्रवृत्ति व्यवस्थापन समितिले तयार गरी कार्यान्वयन गर्न सक्नेछ ।

अनुसूची १

मितिः / /

श्रीमान् प्रधानाध्यापकज्यू,
श्री ----------------------विद्यालय,
बुटवल उप-महानगरपालिका वडा नं. ---------, बुटवल

विषयः- कक्षा ११ मा अध्ययन गर्ने छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा यस विद्यालयको कक्षा ११ को ---------------- विषयमा अध्ययन गर्न चाहेकोले निम्न विवरण सहित छात्रवृत्ति उपलब्ध गराउने व्यवस्थाका लागि अनुरोध छ ।

१. विद्यार्थीको नाम, थरः
२. विद्यार्थीको हाल बसोबास गर्दै आएको ठेगानाः
(क) प्रदेश नं. (ख) जिल्लाः
(ग) उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका
३. अभिभावकको नाम थरः
(क) बाबुको नाम, थरः (ख) पेशाः
(ग) आमाको नाम, थरः (घ) पेशाः
४. विद्यार्थी वा निजको अभिभावकको मोवाइल नम्वरः
५. यस अघि कुनै छात्रवृत्ति पाए/नपाएकोः
६. एस.इ.इ.को सिम्वोल नम्वर (कक्षा एघारको लागि मात्र):
७. कक्षा एघारमा अध्ययन गर्न चाहेको विषय समुह (कक्षा एघारको लागि मात्र):
८. एकाघर संगोलमा रहेको परिवारको कुनै सदस्यको नोकरी भए वा नभएकोः
९. गरिवी परिवार परिचय पत्र भए वा नभएकोः
१०. भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने अधिकतम हदवन्दीको तराई तथा उपत्यका, पहाडी र हिमाली क्षेत्रमा क्रमशः पाँच, दश र पन्ध्र प्रतिशत भन्दा कम खेती योग्य जग्गा रहेको वा नरहेको
११. आफूले कुन समुहबाट आवेदन दिन चाहेको हो । कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस् ।

| | | | |
|---|---|---|---|
| (क) जेहेन्दार | ☐ | (ख) विपन्नता | ☐ |
| (ग) महिला | ☐ | (घ) अपाङ्गता | ☐ |
| (ङ) दलित | ☐ | (च) जनजाति | ☐ |
| (छ) जनआन्दोलनको घाइते | ☐ | (ज) वेपत्ता परिवार | ☐ |
| (झ) मधेश आन्दोलनको घाइतेको सन्तति | ☐ | (ञ) शहिद परिवार | ☐ |

माथि उल्लेखित व्यहोरा ठिक साँचो छन्, फरक परे कानून बमोजिम सँहुला बुझाउँला ।

आवेदक/अभिभावकको
नामः
दस्तखतः
मितिः

कक्षा १० अध्ययन गरेको विद्यालयको नाम:
इति वि.सं. २०७५/०३/-----/रोज् ------- शुभम ।

परीक्षा प्रयोजनका लागि (विद्यालयको लागि)

विद्यार्थीको नाम: रोल नं. विषय
ठेगाना: (क) प्रदेश नं. (ख) जिल्ला विषय:
अभिभावकको नाम:
परीक्षा केन्द्र:
मिति:
प्रमाणित गर्ने प्र.अ.को दस्तखत
विद्यालयको छाप

विद्यार्थीको लागि

विद्यार्थीको नाम:
विद्यालयको नाम: अध्ययन गर्ने विषय:-
ठेगाना: (क) प्रदेश नं. (ख) जिल्ला
(ग) स्थानीय तहको नाम: जिल्ला:
प्रमाणित गर्ने प्र.अ.को
रोल नं.
हस्ताक्षर
परीक्षा केन्द्र:
मिति:
विद्यालयको छाप

## अनुसूची २
(आवेदन साथ पेश गर्नुपर्ने कागजातहरूको विवरण)

१. कक्षा १० उत्तिर्ण गरेको ग्रेडसिटको प्रतिलिपि,
२. जनजाति, दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि,
३. वेपत्ता परिवार, शहिद, जनआन्दोलनका घाइते, मधेश आन्दोलनका घाइतेको हकमा गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि,
४. विपन्नता वा गरिवीको हकमा सहकारी तथा गरिवी निवारण मन्त्रालयको गरिवी परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा स्थानीय तहले व्यहोरा खुलाई दिएको सिफारिसको प्रमाणित छाँयाप्रति,
५. सामुदायिक विद्यालयमा अध्ययन गरेको विद्यार्थीले उक्त विद्यालय सामुदायिक हो भनी स्थानीय तह वा शिक्षा विकास समन्वय एकाईले दिएको सिफारिस पत्र ।

**प्रस्ताव नं २७.६.१**

**बिबिध ।**

**निर्णय नं २७.६.१**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने पारिश्रमिक र सुबिधा सम्बन्धमा प्रदेश सभाबाट पारित ऐन, बुटवल उप-महानगरपालिकाको नगर सभा र नगर कार्यपालिकाको बैठकको निर्णय वमोजिम

पदाधिकारी र सदस्य निर्वाचित भई पदवहाल भएको मिति २०७४।०३।२२ गते देखि २०७५ आषाढ मसान्त सम्मको रकम रु.१,६१,२९,०४६।- (एक करोड एकसट्ठी लाख उन्तिस हजार छयालिस रुपैया) मात्र भुक्तानी गर्न वजेट व्यबस्थाका लागि मिति २०७५।०३।२१ गते वस्ने नगर सभा बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २७.६.२**

**बिशेष प्रस्ताव सम्बन्धमा ।**

**निर्णय नं २७.६.२**

वर्षायामको समय र यस वर्षको मनसुन समेत शुरु भैसकेको हुँदा प्राकृतिक प्रकोप, रोगव्याधि र महामारी जस्ता घटनाहरु वारे सुरक्षित हुनु पर्ने भएकोले खोला, खोल्सी, र नदीको आसपासमा रहने स्थानीय वासिन्दाहरुलाई सचेत हुन र वर्षायामको समय भएकोले सडे, गलेका वासी खाना नखाने, पानी उमालेर मात्र पिउने, आफ्नो घर, आगन, कौसी, वरण्डा सफा राख्ने, टायर टियूव र गमलामा पानी जम्न नदिई डेंगु रोग लाग्नबाट समेत सचेत र होसियारी अपनाई प्राकृतिक बिपदका समयमा टोलबस्तीहरुमा एक आपसमा सहयोग, समन्वय र सदभाव कायम राखि आपसि भाइचाराको सम्बन्ध स्थापना गर्न सम्पूर्ण नगरवासीहरुमा यो कार्यपालिका वैठक हार्दिक अनुरोध एवं अपिल गर्ने निर्णय गर्दछ ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी गराउनु भयो ।**